सर्वोच्च अदालत, संयुक्त इजलास
मानननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

आदेश

०७७-RE-०३७१

मुद्दाः- ज्यान मार्ने उद्योग ।

हरि प्रसाद आचार्य ---------------------------------------------------- निवेदक/प्रतिवादी

विरूद्ध

प्रेम बहादुर चलाउनेको जाहेरीले वादी नेपाल सरकार ------------------- विपक्षी/वादी

०७७-RE-०३८५

मुद्दाः- ज्यान मार्ने उद्योग ।

प्रेम बहादुर चलाउनेको जाहेरीले नेपाल सरकार ------------------------ निवेदक/वादी

विरूद्ध

हरि प्रसाद आचार्य समेत ------------------------------------------------- विपक्षी/प्रतिवादी

यसमा म निवेदक प्रतिवादीले विपक्षी जाहेरवालालाई ज्यान मार्ने नियतले कुटपिट लगायतका कुनै पनि कार्य नगरेको हुँदा काठमाडौं जिल्ला अदालतबाट रु.५५,०००/-(पच्पन्न हजार रुपैयाँ) धरौटी माग गर्ने गरी मिति २०७७/०८/१५ मा भएको आदेश र उक्त आदेश नमिलेकोले बदर गरी उच्च अदालत पाटनबाट म निवेदकबाट रु.५,००,०००/-(पाँच लाख रुपैयाँ) धरौटी माग गरी रु.१,००,०००/-(एक लाख रुपैयाँ। अन्तरिम क्षतिपूर्ति माग गर्ने गरी भएको मिति २०७७/११/१३ मा भएको आदेश बदर गरी साधारण तारेखमा बसी मुद्दाको पुर्पक्ष गरी पाउँ भन्ने जिकिरका साथ प्रतिवादीहरु मध्ये हरि प्रसाद आचार्यले निवेदन गरेको

देखियो। त्यसै गरी बारदातको प्रकृति एवं पृष्ठभूमि, व्यक्तिहरुको संलग्नता, पूर्व रिसईबी, पूर्व तयारी एवं योजना र सोच, पीडितलाई लागेको चोटको र पीडितको तत्काल मर्ने बाच्ने दोसाधँको अवस्था समेतबाट प्रतिवादीहरुले ज्यान मार्ने मनसायले बारदात घटाएको भनी विश्वास गर्ने मनासिब आधार र प्रमाणको विद्यमानता रहँदा रहँदै यी प्रतिवादीहरुबाट धरौटी माग गरी मुद्दाको पुर्पक्षको लागि तारेखमा राख्ने गरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०७७/०८/१५ को आदेश र उच्च अदालत पाटनबाट मिति २०७७/११/१३ को आदेश बदर गरी मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६७(१) बमोजिम थुनामा राखी मुद्दा पुर्पक्ष गरी पाउँ भन्ने जिकिरका साथ वादी नेपाल सरकारले निवेदन गरेको देखियो।

प्रस्तुत निवेदन पश्चात प्राप्त प्रतिवेदन सहितको मिसिल र प्रमाण मिसिल अध्ययन गरी निवेदक नेपाल सरकारको तर्फबाट तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री सूर्यराज दाहाल र विद्वान उप-न्यायाधिवक्ता श्री टेकनाथ अधिकारी र जाहेरवालाको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री भोजराज आचार्य, श्री ओम प्रकास अर्याल, श्री सुरज बस्नेत, श्री त्रिलोकबहादुर चन्द, श्री कीर्तिनाथ शर्मा पौडेल, श्री टिका बहादुर कुँवर, श्री भद्र प्रसाद नेपाल, श्री राधिका खतिवडा, श्री सुरेन्द्र भण्डारी, श्री शिवराज श्रेष्ठ, श्री ज्ञानेन्द्रराज आरण, श्री वीरभद्र जोशी, श्री बसन्त जोशी, श्री यज्ञप्रसाद अधिकारी, श्री रादिका चम्लागाई, श्री यासुव घिमिरे र श्री सुनिता राउतले गर्नुभएको बहस समेत सुनियो।

श्री उच्च अदालत पाटन,

यसमा बारदातरको प्रकृति, पीडितको स्वास्थ्य परिक्षण लगायत घा जाँच केस फारम तथा प्रतिवादीहरुको बारदातमा प्रत्यक्ष संलग्न देखिएको स्थितिमा कसूरदार हुन भन्न सकिने मनासिव आधार, पीडितको अवस्था एवं अभियोग मागदावी अनुसार हुन सक्ने सजाय एवं न्यूनतम् सजाय समेतलाई मध्येनजर गरी हेर्दा, काठमाडौं जिल्ला अदालतबाट प्रस्तुत मुद्दामा भएको थुनछेकको आदेश प्रतिवादीहरु रुपेश शाह, रविन कुमार लामा, सयुस भन्ने सयुज श्रेष्ठ, योगेन्द्र रावल, निरज राना मगर र हरि प्रसाद आचार्यको हकमा बदर गरी निजहरुबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७० बमोजिम धरौटी बापत जनही नगद रु.५,००,०००।- (पाँच लाख रुपैया) वा सो बरावरको जेथा वा बैंक जमानत माग गरी दाखिल गरे प्रतिवादीहरुलाई साधारण तारेखमा राखी र दाखिला नगरेमा कानून बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु, पीडितको घा चोट एंव स्वास्थ्य अवस्था हेर्दा मुलुकी अपराध संहिताको दफा ८ बमोजिम तत्काल अन्तरिम क्षतिपूर्ति समेत दिनुपर्ने अवस्थाको देखिंदा प्रतिवादीहरु रुपेश शाह, रविनकुमार लामा, सयुस भन्ने सयुज श्रेष्ठ, निरज राना मगर, योगेन्द्र रावल र हरि प्रसाद आचार्य समेतबाट स्वास्थ्य उपचार गर्नका लागि जनही नगद

रु.१,००,०००।- (एक लाख रुपैया) रकम दाखिल गर्न लगाई सो रकम पछि ठहरे बमोजिम हुने गरी हाल निज पीडित प्रेम बहादुर चलाउनेलाई भराई दिनुहोला भनी त्यस अदालतबाट मिति २०७७/११/१३ मा भएको आदेश अन्यथा नदेखिँदा परिवर्तन गरिरहन परेन। कानून बमोजिम गर्नू।

श्री काठमाडौं जिल्ला अदालत,

यसमा प्रेम चलाउनेको जाहेरीले बादी नेपाल सरकार विरुद्ध हरि प्रसाद आचार्य समेतका प्रतिवादीहरु योगेन्द्र रावल, रुपेश शाह, निरज रानामगर, सयुज श्रेष्ठ र रबिन कुमार लामा समेत भएको ज्यान मार्ने उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ को दफा ६७ बमोजिमको थुनछेक आदेश हुँदा धरौटी तारेखमा रहेको उल्लिखित प्रतिवादीहरुलाई उच्च अदालत पाटनले केही परिवर्तन गरी धरौट बापतको रकम बृद्धि गरी पीडित प्रेम चलाउनेलाई प्रतिवादीहरुबाट जनही रु.१,००,०००/-(एक लाख रुपैयाँ) अन्तरिम (राहत) क्षतिपूर्ति स्वरुप निजको बैंक खातामा जम्मा गर्नु भन्ने समेत आदेश दिएकोमा सबै प्रतिवादीहरुले जिल्ला अदालतको तारेख टुटाई थाम्ने थमाउने अवस्था नरहेको भन्ने मिसिल संलग्न कागजबाट देखिएकोले र प्रतिवादी सयुज श्रेष्ठ र रबिन कुमार लामाले पीडितको खातामा जम्मा गर्नुपर्ने अन्तरिम (राहत) क्षतिपूर्ति बापतको रकम जम्मा गरेको समेत नदेखिई अदालती प्रक्रियामा पुऱ्याउन पर्ने सहयोग गरेको देखिएन। निजहरुका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ८७ बमोजिमको व्यवस्था आकर्षित हुन पर्ने नपर्ने एकिन गरी आवश्यक कारवाही गर्नु भनी काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू।

साथै प्रस्तुत मुद्दाको सबै अंग पुगिसकेको मुद्दा पुरानो भइसकेको हुँदा यथासिघ्र मुद्दाको टुङ्गो लगाउनू।

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०८० साल साउन ७ गते रोज १ शुभम् ------------------------------।